नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण
तथा व्यवस्थापन प्राधिकरण

# यौन शोषण र दुर्व्यवहार प्रति
## शून्य सहनशीलता हाम्रो नीति

UNITED
NATIONS
NEPAL






### होसियार !

विपदको समयमा मानवीय सहायतामा संलग्न जो कसैबाट हुने यौन शोषण र यौन दुर्व्यवहार जघन्य अपराध हो। अपराधिलाई कानून बमोजिम कारवाही हुन्छ।

### बहाना चल्दैन !

बालबालिकाहरू (१८ वर्ष भन्दा कम उमेरका व्यक्तिहरू) संग यौन गतिविधि कानूनत निषेधित छ। बालबालिकाको स्वीकृतिलाई सहमति मानिन्न। उमेरबारेको गलत बुझाई प्रतिरक्षाको आधार हुन सक्दैन।

### बर्जित !

सेवाग्राही अथवा लाभग्राहीसँग यौन सम्बन्ध राख्न बर्जित छ। यस्ता कार्यले सहयोगी संस्था तथा सहायताकर्मी प्रतिको विश्वसनीयता र निष्ठा धुमिल बनाउँछ।

### निषेधित !

यौन सम्पर्कका लागि दिइने प्रलोभन, अन्य अपमानजनक वा शोषणजन्य व्यवहार निषेधित छ।

### उजुरी गरौं !

कोहीकसैमाथि यौन शोषण र दुर्व्यवहार भएको जानकारी पाउनुभएमा सो विरुद्ध उजुरी दिनु तपाइको कर्तव्य हो।

### जिम्मेवार बनौं !

समुदायमा यौन शोषण र दुर्व्यवहारबाट मुक्त वातावरणको सुनिश्चितता गर्नु तपाई हामी सहायताकर्मीको दायित्व हो र यस्तो वातावरणलाई कायम राख्ने प्रणालीहरु को विकास गर्नु र सो प्रणालीलाई निरन्तरता दिनु तपाई हामी सबैको जिम्मेवारी हो।

यौन शोषण र दुर्व्यवहार तपाईमाथि भएमा
अथवा
अरु माथि भएको देख्नुभएमा, सुन्नुभएमा,
कृपया उल्लेखित नम्बरमा सम्पर्क गरेर तुरुन्तै उजुरी गर्नुहोस्।

१०० — नेपाल प्रहरी
११४५ — खबर गरौं हेल्पलाईन
१०९८ — बाल हेल्पलाईन